# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

### कोरोना भाइरस संक्रमण रोकथामका लागि भरतपुर महानगरपालिकाको सार्वजनिक अपिल

विश्वव्यापी महामारीकोरूपमा रहेको कोरोना भाइरस संक्रमण (कोभिड १९) नेपालमा पनि द्रुत गतिमा फैलिरहेको छ। पछिल्लो समयमा देशका विभिन्न स्थानमा समुदायस्तरमा नै कोरोनाको संक्रमण फैलिदैं गएको छ । यो विश्वव्यापी महामारीमा भरतपुर महानगरपालिका पनि आक्रान्त छ। पछिल्ला दिनहरूमा यो सङ्क्रमण भरतपुर महानगर क्षेत्रमा पनि बढ्दै गएको छ। यस विषम परिस्थितिमा कोरोनाबाट डराएर होइन उच्च मनोबलकासाथ सुरक्षा सजकता अपनाएर मात्र कोरोनाबाट मुक्ति पाउन सकिन्छ। तसर्थ यसबाट जोगिन हामीले हाम्रा जीवनशैलीलाई पनि बदल्नु जरूरी छ भने सुरक्षा सजगतालाई दिनचर्या बनाउनु जरूरी छ । यसै परिप्रेक्षमा संकास्पद बिरामी तथा समुदायस्तरमा पीसीआर परीक्षण गर्ने, बिरामीहरुको उपचार र आइसोलेसन व्यवस्थापनको कार्यलाई तीब्रता दिइने विश्वास दिलाउँदै कोरना सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि तपसिलका मापदण्ड पालना गर्नु गराउनु हुन सम्वन्धित सवैमा यो अपिल गरिन्छ ।

<u>व्यक्तिगत रूपमा पालना गर्नुपर्ने</u>

- सवै प्रकारका भेटघाट, भेलाहरूमा कम्तीमा २ मिटरको दुरी अनिवार्यरूपमा कायम गर्ने ।
- घरबाहिर जाँदा मास्क (सर्जिकल वा ३ तहको कपडाको मास्क) को अनिवार्य प्रयोग गर्ने।
- साबुन पानीले पटक-पटक हात धुने वा स्यनिटाइजर प्रयोग गर्ने।
- अनावश्यक वस्तु तथा सतहहरू नछुने।
- अनुहारको टी क्षेत्र (आँखा, नाक र मुख) लाई अनावश्यक रूपमा नछुने।
- खोक्दा वा हाच्छ्यू गर्दा रूमाल वा टिस्यु पेपरले नाक मुख छोप्ने, सो सम्भव नभएमा कुहिनाले मुख छोप्ने।
- प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचि-मिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने।
- सार्वजनिक स्थलमा जथाभावी नथुक्ने।
- सम्भव भएसम्म पैसाको कारोबार गर्दा विद्युतीय कारोबार गर्ने।
- ज्वरो, खोकी तथा श्वासप्रश्वासको समस्या भएका व्यक्तिहरूले सकभर जनसम्पर्कमा नआउने, आउनै परेको खण्डमा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने।
- भीडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने।
- कोरोनासँग मिल्दो कुनै पनि लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

<u>संस्थागत रूपमा पालना गर्ने गराउने</u>

- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय प्रशासनद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा निर्देशनहरूलाई कडाइका साथ पालन गर्ने गराउने।

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

- मास्क नलगाउने र जनस्वास्थ्य मापदण्डको उलङ्घन गर्ने व्यक्तिलाई तोकिए बमोजिम जरिवाना गर्ने।
- शिक्षण संस्थाहरूले विद्यालयमा शैक्षिक गतिविधि संचालन नगर्ने । प्रत्यक्ष भेटघाट र घरदैलो कार्यक्रम बाहेकका बैकल्पिक शिक्षण विधिमात्र अपनाउने ।
- होटल रेष्टुरेन्ट, पार्टी प्यालेसहरूमा हुने भोज, सामुहिक भेला जस्ता कार्य निषेध गर्ने।
- मानिसहरूको धेरै आवतजावत हुने सार्वजनिक क्षेत्रहरू अस्पताल, होटल, रेष्टुरेन्ट, खेलकुद, प्रशिक्षण केन्द्रहरूमा सरसफाई र सामाजिक तथा भौतिक दुरी कायम गर्ने ।
- देश बाहिर र कोरोना प्रभावित क्षेत्रबाट आगमन अनुमति पाएका व्यक्तिबाहेक अन्य व्यक्तिहरूलाई प्रवेश निषेध गर्ने।
- अनुमति प्राप्त स्थानबाट आएकाहरूलाई पनि न्यूनतम १४ दिन क्वारेन्टीनमा राख्ने र परीक्षणको व्यवस्था मिलाउने।
- कोरोना प्रभावित ठाउँ वा देशबाट आएको व्यक्तिहरूमा लक्षणहरू देखिए स्वास्थ्य संस्थामा जान सल्लाह दिने।
- केही समयको लागि राति ९ बजेदेखि विहान ५ बजेसम्म हिँडडुल तथा रात्रीकालीन व्यवसायहरूलाई प्रतिबन्ध लगाउने ।
- महानगरपालिका भित्रका उद्योग प्रतिष्ठानहरूले बाहिरबाट कामदार/कर्मचारी ल्याई काम गराएको पाइएकोमा आइन्दा स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको स्वीकृती बिना गर्न गराउन नपाईने। बढी भीडभाड हुने विकास निर्माणका आयोजनाहरू तत्कालका लागि रोक्ने।
- सम्पूर्ण उद्योग प्रतिष्ठानहरूले सुरक्षा सतर्कतालाई उच्च प्राथामिकतामा राखी काम लगाउनु पर्ने।
- रिसोर्ट, होटल, स्टोर तथा मलहरूमा सामाजिक तथा भौतिक दुरी कायम गराई माक्स र सेनिटाईजरको प्रयोग अनिवार्य गर्ने गराउने ।

रेनु दाहाल
नगर प्रमुख
भरतपुर महानगरपालिका
मिति : २०७७ श्रावण २५